# नेपाली जनप्रगतिशील मञ्च, यू ए ई

# NEPALESE PEOPLE'S PROGRESSIVE FORUM, UAE

स्था: २००७

च न ७० /००९ 　　　　　　　　　　　　　　　　　　　　　　　　　　**मिती:- १६/०६ /००९**

## प्रेस बक्तब्य

यही असार २ गते तदनुसार जुन १६, २००९ का दिन तनहुँ अन्लाईन मिडियामा प्रकाशित नेपाली जनसम्पर्क समिति युएई भन्ने संगठन एकीकृत नेकपा माओवादी पार्टीसँग आवद्ध रहेको भन्ने समाचार प्रती हाम्रो गम्भिर ध्यानाकर्षण भएकोछ। प्रजातन्त्रमा सबैलाई संगठन बनाउने र संगठित हुने अधिकार छ तर त्यसको आधिकारिकता र बैधानिकता भने स्पस्ट भएको हुनुपर्छ। एक जिम्मेबार राजनीतिक पार्टीको प्रबासमा स्थापना हुन सक्ने जनबर्गिय संगठन सम्बन्धित पार्टीको बिदेश बिभाग अथबा कुनै आधिकारिक् निकायको सम्बन्धन बिना त्यो बैधानिक हुनै सक्दैन। यदी कसैले त्यो गर्छ भने त्यो अराजक हो र त्यसका पछाडि निहित स्वार्थ नै रहेको हुनुपर्छ। त्यो अराजक जमातहरुको भिड भन्दा अरु केही होइन।

२००७ मा स्थापित भएर गत बर्ष २००८, अक्टोबर २४ तारिक एकिक्रित नेकपा माओवादीका पोलिटब्युरो तथा बिदेश बिभाग सदस्य कमरेड बसन्त (ईन्द्र मोहन सिग्देल) को प्रमुख आतिथ्यमा प्रथम राष्ट्रिय सम्मेलन गरेर आएको नेपाली जन प्रगतिशिल मञ्च युएई नै एकिक्रित नेकपा माओवादीको आधिकारिक् र बैधानिक संगठन भएको स्पस्टछ । बिगतमा हाम्रो आन्दोलन, सहकार्य, क्रियाकलाप र संगठनले पनि यहाँ क्रियाशिल् बिभिन्न सामुदायिक संघ संस्था, बुध्दिजिबी र पत्रकारहरुलाई यो अबगतै भएको हुनुपर्छ । यस सत्यतालाई ओझेलमा पार्न र नेपाली जनप्रगतिशिल मञ्चका सदस्य, सहयोगी, शुभचिन्तक तथा तमाम देशभक्त बामपन्थी प्रगतिशिल र क्रान्तिकारी शक्तिहरुलाई भ्रममा पार्न अराजक जमातहरुले दिएको यस समाचारको कुनै सत्यता नभएकाले भ्रममा नपर्न सम्बन्धित सबैलाई अनुरोध गर्दै नेपाली जन प्रगतिशिल मञ्च मात्र यूएईमा एकिक्रित नेकपा माओवादीको आधिकारिक् र बैधानिक संगठन भएको जानकारी गराउछौं। साथै पत्रकार र अन्लाईन मिडियाहरुलाई पनि सोही अनुकुलको समाचार सम्प्रेसण र प्रकाशन गर्नु हुन अनुरोध गरिन्छ। धन्यवाद !

**क्रान्तिकारी अभिबादन सहित**

**रमेश बेल्बासे**
**महासचिब**
**केन्द्रिय समिती**

Email:- nppfuae@gmail.com , nppforumuae@gmail.com